Government of Nepal
Ministry of Education
Department of Education

Humanitarian Aid
and Civil Protection



# सुरक्षित विद्यालयका लागि साझेदारी

## विद्यालय सुरक्षालाई प्रबर्द्धन गर्न र सबल बनाउनका लागि बृहत्तर विद्यालय सुरक्षा ढाँचाको (CSSF) कार्यान्वयन

PLAN INTERNATIONAL
Save the Children
unicef
UN HABITAT FOR A BETTER URBAN FUTURE
World Vision
Community Development Center
ENPRED Nepal
GAJA YOUTH CLUB
KIRDARC ...together for social justice
Nepal Red Cross Society Distric Chapter Kailali
UNESCO




बृहत्तर विद्यालय सुरक्षा ढाँचा

## परियोजनाको परिचय

नेपाल प्राकृतिक प्रकोपको दृष्टिले उच्च जोखिममा रहेको मुलुक हो । गृह मन्त्रालय-२००९ को तथ्याङ्क अनुसार नेपालमा हरेक वर्ष औसतमा नौ सय प्राकृतिक प्रकोपका घटनाहरू हुने गर्दछन जसको कारणले व्यक्तिको जीउधन र जीविकोपार्जनका स्रोत नष्ट हुने गरेको छ । पछिल्लो समयमा विपद् जोखिम न्यूनीकरण (डिआरआर) मा लगानी बढ्दै गएको भए तापनि  शैक्षिक क्षेत्रमा विपद् जोखिम न्यूनीकरण (डिआरआर) र विपद् पूर्वतयारीका लागि कार्यक्रम र नीति पर्याप्त छैनन् । विद्यालय सुरक्षा नेपालका लागि नयाँ सोच भने होइन तर पनि अझसम्म यसले पाउनु पर्ने जति महत्व र चासो पाएको देखिदैन । विद्यालय सुरक्षाको नाममा विद्यालय भवन निर्माणमा  मात्र जोड दिइएको पाइएको छ जुन बृहत् विद्यालय सुरक्षाको एउटा पाटो मात्र हो । यस बाहेक अरू पक्षहरू जस्तै विद्यालय सुरक्षा योजना, बहुजोखिम मूल्याङ्कन, कार्य संचालन मापदण्ड (Standard Operating Procedure) र विपद् उत्थनशीलता वृद्धिमा पनि उत्तिकै ध्यान दिनु जरूरी छ । यिनै विषयहरूलाई सम्बोधन गर्नका लागि प्रस्तुत बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण (सीसीडिआरआर) कार्यक्रमले राष्ट्रिय तहमा शिक्षासँग सम्बन्धित सरकारी निकायहरूको नेतृत्वमा र स्थानीय तहमा सरकारी निकाय, शिक्षक, समुदाय र बालबालिकासँग मिलेर कार्यक्रम लागू गर्दछ । यस समूहले बृहत्तर विद्यालय सुरक्षा ढाँचा (सिएसएसएफ) को तीनवटा स्तम्भलाई सरकारी शिक्षा नीति, योजना र कार्यक्रम कार्यान्वयनमा समाहित गर्ने लक्ष्य राखेको छ ।

२०७२ वैशाख १२ गतेको ७.६ म्याग्निट्युडको विनाशकारी भूकम्प र त्यसको पराकम्पन स्वरूप वैशाख २५ गतेको ६.८ म्याग्निट्युडको अर्को ठूलो भूकम्पले नेपालमा शिक्षा लगायत अन्य क्षेत्रमा भइरहेको विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमकिताका साथ अझ सुदृढ बनाउनु पर्ने सन्देश दिएको छ ।

यी दुई ठूला भूकम्पका कारण नेपालका ३२ लाख बालबालिका प्रभावित भएका छन् भने २ हजार ७ सय ३७ जना बालबालिकाको मृत्यू भएको छ । यसका साथै ३५ हजार भन्दा बढी कक्षाकोठाहरू पूर्ण रूपमा क्षति भएका छन् जसका कारणले १० लाख बालबालिकाले अस्थायी कक्षाकोठामा बसेर पढ्नु परेको छ र अन्य ५ लाख बालबालिकालाई पून: विद्यालयमा जानको लागि सहयोगको आवश्यकता छ । यसरी हेर्दा भूकम्प पछि शैक्षिक क्षेत्रको पूननिर्माणका लागि ३९ करोड ७१ लाख अमेरिकी डलर खर्च लाग्ने अनुमान सरकारले गरेको छ ।



## परियोजनाको उद्देश्य

नेपालममा विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन अवधारणाको कार्यान्वयनबाट समुदायका बालबालिका, महिला, पुरूष तथा विद्यालय र सम्बन्धित निकायहरूको विपद् उत्थानशीलता वृद्धि हुने ।



## नतिजा १

शिक्षा मन्त्रालय र अन्य शिक्षा तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्यमा नेपालको परिवेश अनुरूपको बृहत्तर विद्यालय सुरक्षा ढाँचा र सहयोगी सामग्रीहरू रहेको विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन प्रारूप तयार गर्ने । (राष्ट्रिय स्तरमा)

## नतिजा २

बृहत्तर विद्यालय सुरक्षा ढाँचाको दोस्रो स्तम्भ अर्न्तगत शैक्षिक क्षेत्रमा विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउनको लागि नेपालको सन्दर्भमा तयार गरिएको विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण प्रारूप समुदायमा आधारित विपद् पूर्वतयारीका कार्यक्रमहरूसँग समन्वय गरी कार्यान्वयन र परीक्षण गर्ने । (जिल्ला तथा विद्यालय स्तरमा)

## नतिजा ३

नेपालको शैक्षिक प्रणालीमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण र विस्तार गर्नको लागि अनुसन्धान, प्रभाव र प्रमाण तयार गर्ने ।



# बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूहको (CCDRRC) परिचय

PLAN INTERNATIONAL

स्थानीय साझेदार:
इनप्रेड र जिवाइसी

Save the Children

स्थानीय साझेदार:
किरडाक र यूनेस्को क्लब

World Vision

स्थानीय साझेदार:
कैलाली रेड क्रस
र सिडिसी




बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण समूहमा प्लान इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन र वर्ल्ड भिजन इन्टरनेशनल सदस्य रहेका छन् भने यूनिसेफ र यूएन ह्याविटेट रणनीतिक साझेदार हुन् । नेपालको शैक्षिक क्षेत्रमा जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखेर बृहत सहकार्यमा काम गर्ने उद्देश्यका साथ सन् २०१४ मा सेभ द चिल्ड्रेनको अगुवाइमा यो समूह गठन भएको थियो ।

यो समूहले अहिले आफ्नो स्थानीय साझेदार संस्थासँग मिलेर डिपेको आठौंको दक्षिण एशियाली कार्ययोजना अर्न्तगत रहेर १८ महिने परियोजना लागू गरिरहेको छ । यसलाई यूरोपियन आयोगको मानवीय सहायता र नागरिक सुरक्षा विभागले (DG ECHO) सहप्रायोजन गरेको छ । यस परियोजनाको लागि मुख्य सरकारी निकाय शिक्षा विभाग हो भने प्राविधिक पक्षको लागि शैक्षिक जनशक्ति विकास केन्द्रसँग काम गरीरहेको छ ।

## परियोजना अवधि

सन् २०१५ मार्च देखि सन् २०१६ नोभेम्बरसम्म

## परियोजनाका लाभान्वित:

व्यक्ति २७,६७०; संस्था: ९३

## (DIPECHO) डिपेकोको परिचय

यूरोपियन आयोगको मानविय सहायता र नागरिक सुरक्षा विभाग, मानविय सहायताको क्षेत्रमा काम गर्न आर्थिक सहयोग गर्ने ठुलो संस्था हो । यसले विपद्का बेलामा राहत पुर्‍याउन मात्र सहयोग नगरेर विषेश रूपमा स्थानीय स्तरमा विपद्को पूर्व तयारीका लागि पनि सहयोग गर्छ । यसले प्राकृतिक विपद् पूर्व तयारी कार्यक्रम DIPECHO मार्फत संसारमा प्राकृतिक प्रकोपका हिसाबले जोखिमपूर्ण रहेका क्षेत्रमा प्राकृतिक प्रकोपले व्यक्तिको जीवन र जीवनयापनमा गर्न सक्ने क्षतिलाई न्यून गर्न सहयोग गर्दछ ।


सम्पर्कको लागि:

सि.सि.डि.आर.आर.सि. सचिवालय

सेभ द चिल्ड्रेन, एयरपोर्ट गेट एरिया, शम्भु मार्ग, पोष्ट बक्स नम्बर: ३३९४

फोन: +९७७–१–४४६८१३०/४४६४८०३ । फ्याक्स: +९७७–१–४४६८१३२ । इमेल: post.nepal@savethechildren.org